नेपाल सरकार

# आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

***पाण्डुलिपि ग्रन्थ प्रकाशनका लागि मापदण्डहरू***

**मिति : २०७६/०५/३१ गते**

यस प्रतिष्ठानद्वारा आ.ब. २०७६/०७७ का लागि आदिवासी जनजातिहरूको विविध पक्षमा लेखिएका उत्कृष्ट ग्रन्थहरूको प्रकाशनका निम्ति निम्न मापदण्डहरू उल्लेख गरिएको ब्यहोरा जानकारी गराइन्छ।

क) प्रकाशोन्मुख कृतिको डमी घटीमा ८० र बढीमा ३५० पाना ननाघेको हुनु पर्नेछ।

ख) डमी पुस्तकको अन्तिम आकार पाना संख्यासहित भित्री टेक्स्ट ९.५ से.मि. तेर्सो र १७ से.मि. ठाडो गरी अन्तिम कटान (final cut) गर्दा १४ से.मि. तेर्सो र २१ से.मि. ठाडो गरी डमी किताव आकारमा नै बुझाउनु पर्नेछ।

ग) मातृभाषाका सामग्री अलवा नेपाली र अङ्ग्रेजी भाषामा प्रकाशोन्मुख पाण्डुलिपिको विषयवस्तु आदिवासी जनजातिमा केन्द्रीत भएको हुनु पर्नेछ।

घ) सम्बन्धित जातीय संस्थाको सिफारिश पत्र पनि साथै संलग्न हुनु पर्नेछ।

ङ) छनौट भएका पाण्डुलिपिहरूको वैचारिक सम्पादन गराइनेछ र वैचारिक सम्पादनका क्रममा प्राप्त सुझावलाई समावेश गर्नुपर्नेछ भने प्राज्ञिक महाशाखाको अन्य निर्देशनलाई पालना गर्नुपर्नेछ।